अन्तिम लेखापरीक्षण प्रतिवेदन

चिचिला गाउँपालिका
संखुवासभा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

चिचिला गाउँपालिका

संखुवासभा

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

चिचिला गाउँपालिका

संखुवासभा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानकोधारा २४१ मा संघ, प्रदेश र स्थानीयतहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ ।लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिदव्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन,जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासमेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्यसुझाव प्रदान गरी सुशासन कायम गर्नसहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएकोछ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेको,स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजुफस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१।जेष्ठ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

मितिः२०८१।०२।१५

प.सं. २०८०।८१
च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री अध्यक्ष ज्यू ,
चिचिला गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
चिचिला, सँखुवासभा।

१. **कैफियतसहितको राय–** हामीले चिचिला गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धितअनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेकपेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ९ लाख ४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रू. १ लाख ७७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ४ लाख ७३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६६ लाख ७ हजार, नियमित गर्नुपर्ने रु. ३६ लाख ४७ हजार समेत रू. १ करोड ७ लाख २७ हजार रहेको छ ।यस गाउँपालिकाको गतवर्ष सम्म रु.६ करोड ४५ लाख ६० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.७ करोड ३ लाख ९५ हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ।वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं।त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्यगरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** -ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान(नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाँउपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

चिचिला गाँउपालिका,
सँखुवासभा जिल्ला,

१. चालु वर्ष२०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्र्योट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
६०	२४	१०९०४	०	२	१७७	६०	२२	१०७२७	४७३	६६०७	३६४७	०	०	१०७२७	०

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्र्योट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सँखुवासभा	६४५६०	०	४८९२	५९६६८	०	१०७२७	७०३९५

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९।८०	२९	पाइप खरिदको वितरण भरपाई गरेको प्रमाण पेश	६९१२६।००
२	२०७९।८०	४२	सेनेटरी प्याड वितरण भरपाई गरेको प्रमाण पेश	१०८६५२।००
	चालु वर्षको जम्मा			१७७७७८।००
	गत विगत वर्षतर्फको			
३	२०७८।७९	१२	सशर्त अनुदान रकम फिर्ता	२६०००।००
४	२०७८।७९	४०	सामाजिक सुरक्षा रकम सघिंय कोषमा फिर्ता	१४९८१।००
५	२०७८।७९	४१	सामाजिक सुरक्षाको लगत कट्टा पछि भुक्तानी रकम फिर्ता	३९०६८।००
६	२०७८।७९	४२	सामाजिक सुरक्षा वापत रकम फिर्ता	२११९२०।००
७	२०७८।७९	४४	धर्म देवी माध्यमिक विद्यालयको कार्य सम्पन्न प्रमाण पेश	३६०००००।००
८	२०७६।७७	६६	गाँउपालिका प्रशासनिक भवन निर्माण कुन्सालिङ्ग अरुण बरुण जे.भी. को पेश्की फछ्र्यौट	१००००००।००
	गत विगतको जम्मा			४८९१९६९।००
	कुल जम्मा			५०६९७४७।००

परिचय

१ **परिचय**

(क) चिचिला गाउँ पालिकाको परिचय - स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाँउपालिकाको उद्देश्य रहेको छ। कोशी प्रदेश, सँखुवासभा जिल्लामा अवस्थित यो गाउँपालिका पहाडी भू-वनोट भएको गाउँपालिका हो । उत्तर दक्षिण कोशी- ल्हासा राजमार्गको २० कि.मि. दायाँबायाँ पर्ने यस गाउँपालिकाको क्षेत्रफल ८८.५३ वर्ग कि.मि. रहेको छ भने यस गाउँपालिकामा ५ वटा वडाहरूमा विभाजन गरिएको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।६।४ देखि २०८०।६।२५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको आय – व्ययतर्फ रू. ३१,७९,५७,१०८।३५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा संघीय शसर्त कार्यक्रम अन्तर्गत भवन निर्माण कार्यक्रममा रू. ५५,००,०००।०० विनियोजन भएकोमा जालपा माध्यमिक विद्यालयलाई कार्य सम्पन्न विल बमोजिम रू. ५६,३७,५००।०० भुक्तानी दिएको देखिएकोले स्विकृत कार्यक्रम भन्दा बढी भुक्तानी भएको रू. १,३७,५००।०० सम्वन्धित विद्यालयबाट फिर्ता भई २०८०।०६।०७ मा संघीय राजस्व खातामा दाखिला भएको प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरूः-

२ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)सम्बन्धमा निम्नअनुसार देखिएको छः

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.३,३३,६५,१५८.५७ र गैर आवसिय भवन निर्माण/खरिदको रु.१,४९,७९,७३८।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **आन्तरिक नियन्त्रण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरी तयार गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो माथि विश्वस्त हुन सक्ने अवस्था छैन ।यस सम्बन्धमा परीक्षण गर्दा गाउँपालिकाले एक आर्थिक बर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची ११ बमोजिमको ढाँचामा बार्षिक प्रतिवेदन तयार नगरेको, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार नगरेको, दीगो बिकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकीकृत दीर्घकालीन योजना तयार नगरेको, पालिका स्तरको सार्वजनिक खरिद नियमावली तर्जुमा

नगरेको, सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, गाउँपालिकाले विगतमा परामर्शदाताबाट बिस्तृत परियोजना प्रतिवेदन तयार गरकोमा सोको कार्यान्वयन र अध्यावधिक अभिलेख नराखेको, गाँउपालिकाले आफ्नो क्षेत्रभित्रत्का बिद्यालय गर्न अनुगमन मापदण्ड तयार नगरेको, बिद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यबस्था नरहेको, कार्यालयले उदेश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको, म.ले.प फाराम ८०१ देखि ८०५ सम्मका लेखा परीक्षण तथा बेरुजु व्यवस्थापन सम्बन्धी फारामहरू अभिलेख नराखेको, मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाँउ विकास समिति तथा व्यक्तिगत नाममा रहेको पेश्की तथा बेरुजु र कोष तथा खातामा बाँकी रहेको रकम गाउँपालिकामा जिम्मेवार सारेको र नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गरेको अभिलेख नराखेको र जिन्सी निरीक्षण गरेतापनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) अनुसारको प्रतिवेदन नगरेको लगायतका व्यहोरा देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **बजेट पेश पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७९।०३।१० मा रु. २६ करोड ५९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१५ मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरी सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

क्र.स	क्षेत्र	बजेट रू.	खर्च रू.	खर्च प्रतिशत
१	आर्थिक विकास	१८३७८५०००	१५९५२६२०	६.४४
२	सामाजिक क्षेत्र	१२११५५०४०	१०६८४६२२८	४३.१७

३	पूर्वाधार विकास क्षेत्र	६२६३०३१९	४९४९६६७७	२०.००
४	वातावरण तथा विपद् व्यवस्थापन	७२४४६५५	६७६२६६०	२.७३
५	संस्थागत विकास र सेवाप्रवाह	८४०००००	७९५४०३९	३.२१
६	वित्तीय व्यवस्थापन र सुशासन			
७	कार्यसञ्चालन तथा प्रशासनिक खर्च	७४९५७८८३	६०४८०८२८	२४.४५
जम्मा		**४५८१७२८९७**	**२४७४९३०५२**	**१००**

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबै भन्दा बढी ४३।१७ प्रतिशत र वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र सबै भन्दा घटीमा २।७३ प्रतिशत रहेको छ।

सैद्धान्तिक बेरुजु

७ **चौमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

(रू. हजारमा)

क्र. सं	बजेट शिर्षक उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
१	समानीकरण अनुदान	४२७९०	४०२०	५७२३	१७६३४	१५४१३	६५९५
२	प्रदेश समानीकरण	६६७४४	०	०	१७९९४	४८७५०	०
३	आन्तरिक स्रोत	५१९२	२२१३	५२	०	२९२६	२६८०
४	राजस्व बाँडफाड	१४७२	४८	०	६२९	७९५	३०९
५	सघीय शसर्त अनुदान	१२१३०	०	१००	७२४	११३०६	९१३५
६	प्रदेश समपुरक	६१०४	०	०	३५१८	२५८६	२५८६
७	प्रदेश शसर्त अनुदान	१०००	०	०	९७५	२५	२५
जम्मा		१३५४३२	६२८१	५८७५	४१४७४	८१८०१	२१३३०

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक(हजारमा) रु.१३५४३२।०० निकासा/खर्च

भएकोमा प्रथम त्रैमासिक मा रु. ६२ लाख ८१ हजार(४.६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.५८ लाख ७५ हजार(४.३३ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. ४ करोड १४ लाख ७४ हजार(३०.६२ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै चौथो त्रैमासिकमा रु. ८ करोड १८ लाख १ हजार(६०.४० प्रतिशत) र अषाढमा महिनामा रु. २ करोड १३ लाख ३० हजार(१५.७५ प्रतिशत) मात्र खर्च देखिनुले चौथो त्रैमासिक र अषाढ महिनामा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन।स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

८ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

९ **खर्चको बिश्लेषण** - पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. ५७,१२,१५९।८५ राजस्व बाँडफाँट र अनुदानबाट रु.२४,३८,२१,६२१।९३ समेत रु.२४,९५,३३,७८१।७८ आम्दानी भएकोमा चालु तर्फ रु.१७,१३,७१,७९०।२७ र पूँजिगत तर्फ रु.६,९३,५८,६०२।०० समेत रु.२४,०७,३०,३९२।२७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.३७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.५८,६१,०६६।०० खर्च भएको छ जुन आन्तरिक आयको १०२.६० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७१.१८ प्रतिशत चालु र २८.८२ प्रतिशतमात्र पुँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
१८६९५९५००।००	५७१२१५९।८५	३.००

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

११ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, सहित २४ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमाअसर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण को आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न ५ पदमा २१ जना कर्मचारीहरु करारमा राखि रु.७७,५४,६९५ खर्च लेखेको छ।त्यसै गरी सोही ऐनको दफा८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमामात्र करारबाट सेवालिन सकिने व्यवस्था गरेको छ।पालिकाले उल्लेखित पद वाहेकको सव ईन्जिनियर १,कम्प्युटर अपरेटर १,ना.प्रा.स.४ र अ स ई ४ जना गरी ४ पदमा १० जना करार नियुक्ति गरी बर्षभरीमा रु. ३५,०१,८०८।०० भुक्तानी गरेको देखिएको छ। यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरूको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	३५,०१,८०८

१३ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् ।अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१४ **योजना तथा कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। साथै, योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुटयाएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ।यस वर्ष उपभोक्ता समितिमार्फत् भएका कामका योजनाहरू देहायअनुसार छन्ः

क. सं.	विवरण	योजना संख्या	रकम
१	रु. १ लाख भन्दा कमको योजना	६८	६२५००००।००
२	रु. १ लाख देखि २ लाख सम्मका योजना	६१	१०८००००००।००
३	रु. २ लाख देखि ५ लाख सम्मका योजना	७१	२१३००००००।००
४	रु.५ लाख एक देखि १० लाख सम्मका योजना	३०	२२५००००००।००
५	१० लाख भन्दा माथिका	६	२८५००००००।००
जम्मा		३६	८९३५००००।००

सैद्धान्तिक बेरुजु

१५ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ६,९३,५८,६०२.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरु योजना नबनाई खरिद कार्य गरेको देखियो।अतःपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **विपत्त व्यवस्थापन कोषबाट योजनाको खर्च भुक्तानी** - गाँउपालिकाले तयार गरेको विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५ मा योजनाको रकम भुक्तानी गर्ने प्रावधान छैन ।गाँउपरिषदबाट छनौट भएका योजनामा मात्र खर्च गर्न पाउने रकम कार्यालयले देहायका योजनाहरुमा राहतकोष शिर्षकबाट भुक्तानी गरेको पाइएकोले उत्त खर्च नियमसम्मत नदेखिएको रू.

भौ.नं. मिति	विवरण	रकम
१८-७।१८	बाटो मर्मतका लागी तेल	२०००००
७-६।११	डेवा आरुवोटे सडक मर्मत (साथिभाई निर्माण सेवा)	३५६३७४
४-५।१२	जिरोप्वाइन्ट देखी वडा कार्यालय सम्म (मानविर कन्स्ट्रक्सन)	९०५३५०
६-५।२९	केत्रागाँउ कोक्तिम सडक	३०००००
६-५।२९	अमानत जितेन्द्र राई -याफुडांडा गैरी आला सडक मर्मत	८४२२०
६-५।२९	लप्से देखी वडा कार्यालय सम्म	४१६८५०
जम्मा		२२६२७९४

अनियमित भएको	२२,६२,७९४

१७ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो वर्ष १० विवाद दर्ता भएकोमा ४ वटा मात्र फस्र्यौट भई ६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१८ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावरनै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनु पर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन।यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नाप जाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **पुँजीगतबाट चालु प्रकृतिको खर्च** - एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ अनुसार चालु प्रकृतिका खर्च चालु खर्च शिर्षकवाट र पुँजीगत खर्च पुजीगत खर्च संकेतबाट खर्च लेख्नुपर्नेमा चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी वजेट खर्च लेख्नु नियम सम्मत देखिएन ।यस पालिकाले तपशिल बमोजिमका चालु प्रकृतिका कार्यक्रम पुँजिगत बजेटमा समावेश गरी खर्च लेखेको छ। यसरी चालु प्रकृतिको खर्च पुँजिगत शिर्षक बाट गर्नु वित्तिय अनुशासनको उल्लङ्घन हो। यसमा कार्यालयले सुधार गर्नुपर्दछ। केही उदाहरण देहायअनुसार छन :

भौ न	**कामको विवरण**	**रकम**
११२	डबलर पर्दा, डोरम्याट लगायत अन्य	३७८५३०।००
जम्मा		**३७८५३०।००**

सैद्धान्तिक बेरुजु

२० **जटिल सरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी., फ्रेमस्ट्रक्चरसहितका भवन, पुल, कल्भर्ट, ओभरहेडटंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यस प्रकार रहेका छन्:

गोभौनं./मिति	**उपभोक्ता समितिको नाम**	**कामको विवरण**	**भुक्तानी रकम**
२००।८०।३।२४	धर्मदिवी मा.बि. उ.स.	धर्मदिवी मा.बि. ४ कोठे भवन वडा न ४	४८५१५२७।५६
जम्मा			४८५१५२७।५६

सैद्धान्तिक बेरुजु

२१ **हिरक पार्क** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(५) मा सार्वजनिक निकायले बहुबर्षिय सम्झौता गरिने खरिदको हकमा अन्य बर्षको लागि खरिद कारबाही गर्दा आवश्यक पर्ने बजेटको सुनिश्चता गरेर मात्र खरिदको कारबाही गर्नुपर्ने व्यबस्था रहको छ । सँस्कृति, पर्यटन तथा नगारिक उड्डयन मन्त्रालयले रु.३,५०,००,०००।०० र पालिकाले रु.१,५०,००,०००।०० गरी जम्मा रु.५,००,००,०००।०० को साझेदारीमा हिरक पार्क निर्माणका लागि नेपाल सरकारको (मा. मन्त्रीस्तर) को मिति २०७७।१०।२९ निर्णय गरेको देखिन्छ । हिरक पार्क निर्माण गर्नका लागि आ.ब. २०७७।७८ मा डि पि आर तयार गरी सोको ठेक्का सम्झौता मिति २०७८।९।३० मा तुलसी- जोशी- स्लेट जे.भी. सँग रु.४,७९,३१,८५२।६४ मा गरेको छ ।उक्त योजनाको कार्यान्वयन अवस्था सुरु भई ०७८।७९ मा रु.२२००६६४।१५(पर्यटन मन्त्रालयको) र ०७९।८० मा रु.४०२००००।०० (पालिकाको) गरी जम्मा रु. ६२,२०,६६४।१५ भुक्तानी भई पार्क फाउन्डेसनको मात्र कार्य भएको छ ।उक्त थप कार्यको लागि हालसम्म कुनै पनि किसिमको बजेट स्रोत उपलब्ध नभएको देखिन्छ ।यसरी दिर्घकालीन रुपमा बजेट पुर्ण रुपमा सुनिश्चित नभई काम सुरु

गर्ने र आधा अधुरो छाड्ने अवस्थाले उक्त बजेटको प्रगति भएको देखिदैन र सो योजनाको लागि भबिष्यमा बजेट स्रोत उपलब्ध भएपनि पछिल्लो भएको कामको गुणस्तर घटेको अवस्था हुन सक्ने हुँदा बजेट सुनिश्चित हुने योजना र सम्पन्न गर्न सक्ने योजना मात्र छनौट गरी कार्य सम्पन्न गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२२ **कन्टिन्जेन्सी रकम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्जिन्सेन्जी र जनसहभागिताको अँश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने छ । पालिकाले धर्मदेवी मा.बि. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम साझेदारी अन्तर्गत धर्मदेवी मा.बि. ४ कोठे भवन निर्माणका लागि लागत अनुमान रु.४४०००००।००(जनश्रमदान बाहेक) को तयार भएको छ । उक्त लागत अनुमानको २.५ प्रतिशत कट्टी गरेको कटिन्जेन्सी रकम रु.११००००।०० समेत धर्मदेवी मा.बि.लाई भुक्तानी गरेको छ ।कानुनमा भएको व्यबस्था विपरित भुक्तानी कन्टिन्जेन्सी रकम फिर्ता गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,१०,०००

२३ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.**१,८२,७२४।००** बाँकी रहेको देखिन्छ । फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा २३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२४ **जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **धरौटी सदरस्याहा** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम६७ मा तोकिए बमोजिमको कार्यविधि अपनाई कार्यालयप्रमुखले राजस्वमा आम्दानी बाँध्नुपर्ने उल्लेख छ । कार्यालयको यस आ.व.को अन्तमा रु.४४,९३,८१६।०० धरौटी मौज्दातमा रहेको देखिन्छ । नियममा भएको व्यवस्था अनुसार प्रयोजन सकिएको धरौटी सदरस्याहा गरी धरौटी खाता अद्यावधिक गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा २५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२६ **आकस्मिक कोष** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आकस्मिक कोष अन्तर्गत कार्यपालिकाको निर्णय मार्फत निम्न समितिहरूलाई मिटरबक्स खरिद गर्न सापटी फिर्ता गर्ने गरी भुक्तानी दिएको छ।लेखापरीक्षणको अवधीसम्म पनि उक्त रकम फिर्ता हुन नआएकोले असुली गरी दाखिला गर्नु पर्ने रू.

गो.भौ. नं/मिति	भुक्तानी पाउनेको नाम	रकम
५६/०७९/७/२० ६८/०७९/८/७	कुवापनी चिचिला पोखरीगाउँ बर्खेडाँडा खानेपानी सामुदायिक उपभोक्ता समिति	१३००००।००
५२/०७९/७/२०	कैलाशपति शिवालय मन्दिर समिति	५००००।००
	जम्मा	१८००००।००
	असुल गर्नुपर्ने	१,८०,०००

२७ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु १५,७१,५८५।०० खर्च गरेको छ।यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **जिन्सी सामान** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ अनुसार जिन्सि मालसामान ७ दिन भित्र दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने उल्लेख छ।कार्यालयले विभिन्न कार्यको सिलसिलामा खरिद गरेको खप्ने र नखप्ने जिन्सि सामानहरु पाम्समा दाखिला गरेको छ।कतिपय स्वास्थ सँग सम्बन्धित जिन्सि सामानहरु पाम्समा दाखिला नगरेका कारण जिन्सि दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रू.

गौ.भौ.नं /मिति	फर्मको नाम	सामानको विवरण	रकम
४५३/०८०/३/१३	आर.एन.ट्रेड कन्सर्न	एम्बुलेन्स स्वास्थ उपकरणहरु	२३३३४५
२७/०८०/१/२८ स्वास्थ्य	पुजा आधुनिम फर्निचर उद्योग	अफिस सामाग्री	३०००००
३/०७९/११/२३ पुँजिगत	मेडिसर्ज ट्रेडर्स	स्वास्थ उकरणहरु	१९९३८८
		जम्मा	७३२७३३
		प्रमाण पेश नगरेको	७,३२,७३३

२९ **वितरणको भर्पाइ पेश नभएको -**

.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.६९१२६ /- सम्परीक्षण गरिएको ।)

प्रमाण पेश नगरेको	०

३० **कानुन र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ४ वटा नियमावली, ५५ कार्य विधि तथा १ निर्देशिका लगायत अन्य गरी जम्मा ७३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले ७३ वटा कानूनहरू निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेता पनि अधिकाँश कानूनहरू राजपत्रमा प्रकाशन गरेको छ। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३१ **बेरुजु अभिलेख -** पालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त बेरुजू प्रतिवेदनको अभिलेख देहायको मलेप फाराममा राख्नु पर्ने व्यवस्था भएकोमा राखेको नपाइएकोले आगामी दिनमा तोकिएको मलेप फारममा बेरुजू अभिलेख राखि अध्यावधिक गर्नु पर्दछ ।

- म.ले.प. फाराम नं. ८०१ बेरुजु लगत
- म.ले.प. फाराम नं. ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन
- म.ले.प. फाराम नं. ८०५ सम्परीक्षण गोश्वारा अभिलेख ।

सैद्धान्तिक बेरुजु

३२ **राजश्व दाखिला -** आर्थिक कार्यविधि तथा वित्तियउत्तर दायित्व ऐन २०७६ को दफा २७ मा नेपाल सरकारलाई प्राप्त हुने राजश्व कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सो को

भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्को लेखा राखी बैक दाखिला गर्नु पर्ने उल्लेख छ । राजश्व कार्यालयले वार्ड नं. १,२,३ र ४ को मिति २०८०।३।२५ देखी ३।३१ सम्म उठाएको राजश्व रु २२५५३।५३ यस बर्ष दाखिला नगरी आ.व. २०८०।८१ मा श्रावणको आम्दानी सँगै दाखिला भएकोले सो दाखिला भए नभएको एकिन गर्न सकिएन।

सैद्धान्तिक बेरुजु

३३ **एम्वुलेन्स आम्दानी** - एम्वुलेन्स आम्दानीः एम्वुलेन्सबाट उठेको राजश्वबाट २ जना ड्राइभरको इन्सेन्टिभ, गाडीमर्मत र इन्धनमा सिधै खर्च लेखेको पाइयो ।राजश्व रकम सिधै खर्च गर्न मिल्दैन ।उठेको राजश्व गाँउपालिकाको खातामा आम्दानी बाधि उक्त रकम गाँउपालिकाबाट पारित बजेट अनुसार मात्र खर्च लेख्न पाइने कानूनी व्यवस्था रहेकोमा सिधै खर्च लेख्ने कार्य नियमसम्मत देखिदैन ।

नाम	आम्दानी	खर्च	कैफियत
खेमराज राई	३२७५००	२०६४७५	रु १२१०२५ बैक दाखिला
शान्तिराम गुरुङ्ग	३१२८००	३१८४६८	रु ५६६८ पाँउन बाँकी

सैद्धान्तिक बेरुजु

३४ **रसिद पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तियउत्तर दायित्व ऐन २०७६ को दफा २७ मा नेपाल सरकारलाई प्राप्त हुने राजश्व कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सो को भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्को लेखा राखी बैक दाखिला गर्नु पर्ने उल्लेख छ ।कार्यालयले आ.व.२०७९।८० मा जारी गरेको देहाय बमोजिमका रसिद लेखापरीक्षणमा पेश भएन । उक्त रसिदबाट के कति राजश्व उठेको छ कार्यालयले छानविन गरी राजश्व दाखिला गर्नु पर्दछ।

रसिद बुझ्नेको नाम	रसिद नम्वर	रसिद बुझ्नेको नाम	रसिद नम्वर
खेमराज राई	२५१-३००	पदमबहादुर तामाङ्ग	२४५१- २५०० २४०१ -२४५० २७५१ -२८००
लोकेन्द्र गडतौला	१८०१- १८५०	रविन विश्वकर्मा	१८५१ -१९००
शान्तिराम गुरुङ्ग	२५१ -३००		

सैद्धान्तिक बेरुजु

३५ **भ्रमण खर्च** - स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च रु २८,६०,५३८।०० भुक्तानी गरेको छ। अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिएको छैन।कार्यालयको काम उल्लेख गरी वडा अध्यक्ष त सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी

भुक्तानी गर्ने गरेको छ। अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानी गरेको देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६ **सुचना प्रकाशन** - पालिकाले विभिन्न मिडियाहरुमा सूचनाप्रकाशन तथा प्रसारण वापत रु १५,२५,२३९।०० खर्च गरेको छ। आर्थिक वर्षको सुरुआतमा नै दररेट माग गरी प्रतिस्पर्धा गराउनु पर्ने व्यवस्था गर्नुपर्दछ । गाउँपालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन सम्बन्धी कार्यविभिन्न फर्महरु मार्फतभुक्तानी गरेकोमा मिडिया फर्महरु बीचकुनै प्रकारको प्रतिस्पर्धाको व्यवस्था गरेको देखिएन ।सूचना प्रकाशन गर्दा मिडियाहरुबीच पतिस्पर्धा गराई न्यून कवोल गर्नेमिडिया फर्मसँग सेवा लिनुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **मर्मत खर्च** - सार्वजनिक खरिद नियमावली २०६४ नियम १३(५) मा सार्वजनिक निकायले कुने मालसमान मर्मत सम्भारको लागत अनुमान तयार गर्दा त्यस्तो निकायमा त्यससम्वन्धि विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति,फर्म,कम्पनी वा संथावाट लागत अनुमान गराउनु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष मर्मतमा रु ४८,४२,३४४।०० खर्च गरेकोमा नियमावलीमा व्यवस्था भए वमोजिम दक्ष विशेषज्ञ वाट लागत अनुमान तयार नगरी मर्मत आदेश वेगर खर्च गरेको पाइयो ।अतः नियमावलीमा भएको व्यवस्था पालनागरी मर्मत संभार तथा संरक्षण अभिलेख खाता प्रयोगमा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३८ **इन्धन खर्चको मापदण्ड** - प्रदेशको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्यिता सम्वन्धि निर्देशिका २०७९ मा सवारी साधनको किसिम इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड वनाइ प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले यसवर्ष इन्धन खर्चमा कुनै मापदण्ड नै तयार नगरी इन्धनमा रु १६,६८,१४१।०० खर्च गरेको छ।पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्च लाइ मितव्ययी वनाउन इन्धन खर्चको मापदण्ड वनाउने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

३९ **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था

रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी रु ४,४९,७४०।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४० **नर्म्स भन्दा बढी खर्च** - अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका २०७७ को ७ (३)क मा सिप विकास तालिम आवधिक व्यवस्थामा बाहिरको स्रोत व्यत्तिको हकमा ७ कार्यदिन सम्म गाँउपालिकामा संचालित तालिममा प्रतिदिन रू. १०५०।०० पारिश्रमिक उपलब्ध गराउने उल्लेख छ भने कार्यालयको प्रशिक्षक भएकोमा कार्यप्रत्रको दिने तर कक्षा लिएको नपाउने उल्लेख छ तर कार्यालयले ७ दिन सम्म संचालन भएको देहाय अनुसारको तालिममा नर्म्स भन्दा बढी खर्च लेखेको रू.

प्रशिक्षकको नाम	कार्यक्रमको विवरण	नर्म्स अनुसार पाउने	भुक्तानी रकम	बढी भुक्तानी कर कटाई
अ छैटौ दिर्धमान राइ	बंगुर तालिम	३५०का दरले ६ कक्षाको २१००	१६००को दरले६ कक्षाको ९६००	८४७५
नाप्रास सजन विश्वकर्मा	बंगुर तालिम	३५०का दरले ५ कक्षाको १७५०	१२००का दरले ५कक्षाको रु ६०००	३६१२
नाप्रास रविन विश्वकर्मा	बंगुर तालिम	३५०का दरले ५ कक्षाको १७५०	१२००का दरले ५कक्षाको रु ६०००	३६१२
बाहिय प्रशिक्षक डिल्लीराम शर्मा	सिस्नुपाउडर तालिम	रु १०५०का दरले २८ कक्षाको २९४००	१६०० का दरले २८ कक्षाको ४२०००	१०७१०
बाहिय प्रशिक्षक सिता कुमारी राई	अल्लो प्रशोधन तालिम	रु १०५०का दरले १३ कक्षाको १३६५०	रु१५०० का दरले १३ कक्षाको रु १९५००	४९७२
बाहिय प्रशिक्षक मनकला राई	अल्लो प्रशोधन तालिम	रु १०५०का दरले १३ कक्षाको १३६५०	रु१५०० का दरले १३ कक्षाको रु १९५००	४९७२
बाहिय प्रशिक्षक मित्र ब. गुरुङ्ग	फनिर्चस तालिम	रु १०५०का दरले४५ कक्षाको४७२५०	१२०० का दरले ४५ दिनको ५४०००	५७३७
जम्मा				४२०९०

असुल गर्नुपर्ने	४२,०९०

४१ **सीप विकास तथा रोजगारी मुलक तालिम** - हरेक बर्ष लक्षित वर्गको लागि सीपमूलक तथा रोजगारीमूलक तालिमहरू सञ्चालन हुने गरेकोमा हाल सम्म के कति जनाले कुन प्रकारका तालिम लिए, तालिमको उदेश्य अनुसार स्वरोजगार वा रोजगारी श्रृजना भएका छन कि छैनन, तालिम लिएका

लाभग्राहीको सीप तथा क्षमता विकास भएर जीवन स्तरमा सुधार भै समुदायमा सकारात्मक परिवर्तन भएको छ की छैन भनी गाउँपालिकाले अनुगमन गरी तालिममा भएको लागत खर्च र उपलब्धीको विश्लेषण गरी तालिम लिइ सकेका र लिनु पर्ने लक्षित बर्गको कुनै अभिलेख राखेको देखिएन । गाउँपालिकाले श्रोत र साधन तथा लक्षित वर्गको लागि आवश्यकता भएको तालिमको पहिचान गरी तालिम कार्यक्रम राखेको देखिएन । गाउँपालिकाले गत विगत बर्ष देखि एकै प्रकारका तालिमहरू एकै प्रकारका तालिम दाताहरूवाट सञ्चालन गरी रहेकाले तालिमका सहभागिहरू एकै प्रकारको तालिममा दोहोरिएका वा एकै व्यक्तिले धेरै प्रकारका तालिममा सहभागीता जनाएका छन् । प्रष्ट हुने अभिलेख नदेखिएकोले कार्यक्रमवाट अपेक्षा अनुरूप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन।

सैद्धान्तिक बेरुजु

४२ **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु ६,२४,९४५।००प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीको रु.६८,७३,२३५।०० र पालिका कर्मचारीको रु १,८७,४१,८७३।०० समेत रु. २,५६,१५,१०८।०० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४४ **अनुगमन प्रतिवेदन -** गाउँ तथा नगरसभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ (क) मा अध्यक्षले रु. १००००/- उपाध्यक्षले रु. १००००/-वडाध्यक्षले रु. ४०००/- र कार्यपालिका सदस्यले रु. २०००/- मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ ।अनुगमन भत्ता भुक्तानी लिदाँ मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नमूना छनौट गरी परीक्षण गर्दा अनुगमन भत्ता लिने देहायका पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नगरेको भएतापनि अनुगमन वापत एकमुष्ठ भत्ता बुझिलिएकोमा मासिक प्रतिवेदन पेश नभएको रू.

नाम	पद	भुक्तानी दर	वार्षिक भुक्तानी रकम
पासाङ नुर्वु शेर्पा	अध्यक्ष	१००००	१२००००

मनकला राई	उपाध्यक्ष	१००००	१२००००
पुर्ण कुमार राई	वडा अध्यक्ष	४०००	४८०००
दिनेश कुमार राई	वडा अध्यक्ष	४०००	४८०००
जित बहादुर राई	वडा अध्यक्ष	४०००	४८०००
बाल कुमार तामाङ	वडा अध्यक्ष	४०००	४८०००
चन्द्रविर राई	वडा अध्यक्ष	४०००	४८०००
राजेन्द्र घले	का. पा . सदस्य	२०००	२४०००
इन्द्र बहादुर राई	का. पा . सदस्य	२०००	२४०००
जुल्मी राई	का. पा . सदस्य	२०००	२४०००
पुश्पा राई	का. पा . सदस्य	२०००	२४०००
तारा कुमारी वि क	का. पा . सदस्य	२०००	२४०००
		जम्मा	६०००००

प्रमाण पेश नगरेको	६,००,०००

४५ **बैठक भत्ता** - पालिकाले यस वर्ष कर्मचारी र पदाधिकारी बैठकको लागि रु१५,१४,९००।०० खर्च गरेकोछ।पालिकाले हरेक क्रियाकलाप, कार्यक्रम, दिवस, खरिद कार्य तथा निर्णय गर्न बैठक भत्ता भुक्तानी गरेको छ ।बैठक सम्बन्धमा भत्ता दिन मिल्ने अधिक्तम सहभागी संख्या र बैठक भत्ता भुक्तानीका लागि विषय र मापदण्ड तयार गरेको छ।बैठकको लागि विनियोजित बजेट बाहेक अन्य विषयगत कार्यक्रमहरुबाट समेत विषयसंग सम्बन्धित बैठक बसी खर्च गरेको,विभिन्न समिति, शाखा, कार्यक्रम तथा निर्णयको लागि बैठक बसेको हुँदा बैठक सम्बन्धि एकिकृत अभिलेख तयार गर्नु पर्ने देखिन्छ ।तसर्थ, पालिकाले बैठक भत्ता खर्चलाई नियन्त्रण गरी कार्यालय संचालन तथा सार्वजनिकखर्च मितव्ययी बनाउँनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन।यो वर्ष कार्यालयले गौ.भौ.नं/मिति ४९२/२०८०/३/२१ बाट बर्देउ कृषि सहकारी संस्था लिमिटेड नाफामूलक संस्थालाई कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	६०,०००

४७ **बढी भुक्तानी** - नयाँ तरकारी पकेट कार्यक्रम अर्न्तगत खालिङ्ग तरकारी उत्पादन तथा कृषि फर्मलाई रू. ३१४११६ भुक्तानी भएकोमा तार खरिदको बिल रू. ६४० प्राप्त भएकोमा ५० प्रतिशत अनुदानले रू. १८२० भुक्तानी दिनु पर्नेमा रू. ३६४० भुक्तानी भएकोले बढी भुक्तानी असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	१,८२०

४८ **अनुदानको अनुगमन** - सार्वजनिक निकायवाट उपलब्ध गराईएको अनुदानको सहि सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ। तर पालिकाले कृषि,पशु तथा विभिन्न संस्थालाई वीउ पुँजी तथा अनुदानमा खर्च लेखेका छन।तर पालिकावाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो वाट प्रात उपलब्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।तसर्थ अनुदान लाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानिय तहवाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राही को जीवनस्तरमा आएको यकिन गरी रकमको पुर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४९ **नर्म्समा उल्लेख नभएको खर्च** - सरकारी रकम खर्च गर्दा नर्म्स अनुसार गर्नु पर्दछ ।युवा प्रतिभाको खोजी र प्रोत्साहन मूल्याङ्कन वापत देहयका व्यत्तिहरुलाई रु ३००० का दरले रकम भुक्तानी गरेकोमा सो रकम खर्च गर्ने नर्म्समा उल्लेख नभएकोले खर्च नियम सम्मत नदेखिएको रू.

नाम	रकम
बासु कोइराल	३०००
राजेन्द्र निरौला	३०००
बसन्त गुरुङ्ग	३०००

अनियमित भएको	९,०००

५० **शिक्षक दरबन्दी र पदपुर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपुर्ति	पदपुर्ति मध्ये करार	विद्यार्थी संख्या
विभिन्न २० विद्यालय	५७	४४	१४	१५६८

सैद्धान्तिक बेरुजु

५१ **वितरणको भर्पाइ पेश नभएको -**

.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.१०८६५२।- सम्परीक्षण गरिएको ।)

प्रमाण पेश नगरेको	०

५२ **निकासा अभिलेख खाता** - गाउँपालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन गाँउपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ **बिद्यालयहरुको लेखापरीक्षण** - गाँउपालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । गाँउपालिका अन्तर्गत २० सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०७९।८० को अन्तिम लेखापरीक्षण अवधिसम्म २० बिद्यालयले लेखापरीक्षण गराएको पाइएन। अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी गाँउपालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५४ **स्पेसिफिकेशन उल्लेख नगरी दाखिला** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरूमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । श्री सरस्वति मा वि र धर्मदेवी मा.वि. ले लागत अनुमान तयार नगरी कोटेशनको माधयमबाट Interactive Panel Board75 inch १ सेट सहित विद्यालयमा IT Lab स्थापना, सुदृढिकरण एवम् Digital Library व्यवस्थापन समेतको रु.६,५०,०००।०० दरले रु १३,००,०००।०० मा खरिद गरेकोमा उक्त खरिद सामाग्री विभागले तोकेको स्पेसिफिकेशन बमोजिम भए नभएको मूल्याङ्कन गरेको देखिएन । साथै जिन्सी खातामा स्पेसिफिकेशन उल्लेख नगरी दाखिला गरेको छ । जिन्सी खातामा मालसामानको स्पेसिफिकेशन उल्लेख गरेर जिन्सी मालसामानको स्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ **अधुरा आयोजना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरूको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा

प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसार रू. ११,५६,६५,०००।०० का २ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ ।यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ।सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारी पूर्वक कार्यसम्पादन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा ५५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५६ **भुक्तानी बाँकीको कच्चेवारी वेगर भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ (१३) मा सम्वन्धित वर्षमा वजेट नभएको कारण भुक्तानी हुन नसकेमा महालेखापरीक्षकवाट स्वीकृत फारम वमोजिमको ढाँचामा भुक्तानी दिन वाँकीको कच्चावारी तयार गरी प्रमाणित गराइ भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले भुक्तानी गर्न वाँकीको कच्चावारी नराखी आ.व. २०७८।७९ को निम्न भुक्तानी दिएको छ(नमुना छनौटको रुपमा हेरिदा) ।यसरी भुक्तानी दिन वाँकीको कच्चावारी वेगर भुक्तानी दिँदा गत विगतका वर्षहरुमै उक्त रकम भुक्तानी भइसकेको हुनसक्ने सम्भावना रहने हुदाँ कार्यालयले भुक्तानी बाँकीको कच्चावारी प्रमाणित विवरण बेगर भुक्तानी गरेको रकम अनियमित देखिएको रू.

गो भा न	काम	भुक्तानी लिने	रकम
५	सि.सि.टि.भि क्यामरा खरिद	IT MINING CO.PVT. LTD KATHMANDU	४२७३७२।७८
जम्मा			४२७३७२।७८

अनियमित भएको	४,२७,३७२.७८

५७ **सम्बन्धितलाई भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा ३१ आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धि व्यबस्था छ । साथै सोही नियमावली, २०७६ को नियम ५७ मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने भनी उल्लेख गरेको छ ।पालिकाले बिभिन्न सामाग्री खरिद गरी उक्त बिल अनुसारको रकम सम्बन्धित पार्टीलाई भुक्तानी दिनुपर्नेमा सम्बन्धित भुक्तानी नदिई स्टोर शाखा प्रमुखलाई भुक्तानी दिएको देखिन्छ। यसरी आन्तरिक नियन्त्रण प्रणालीमा असर पुग्ने गरी सम्बन्धित पार्टी\व्यक्तिलाई भुक्तानी नदिई स्टोर प्रमुखको नाममा भुक्तानी दिनु अनियमित देखिएको रू.

गो.भा.न.।मिति	खरिद विवरण	रकम	कैफियत
१५८।०८०।३।८	फर्निचर तथा फिक्चर्स सामाग्री	११२३००।००	पुजा आधुनिक फर्निचर उद्योग खाँदबारी १ बाट खरिद गरेको बिल पेश भएको देखिन्छ ।
१८४।०८०।३।२१	फर्निचर तथा फिक्चर्स	९९४४०।००	

	सामाग्री		
जम्मा		२११७४०।००	

अनियमित भएको	२,११,७४०

५८ **परामर्श तथा डि पि आर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

(रू. हजारमा)

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
"Sankrante -Dhaje - Maschhe Road DPR"	Briksha studio pvt.ltd.lalitpur-01,kupondole	४७९.००	४७०.००	३७५२६२.००
"Tin Ghare ward no 3 – Kuwapani Road DPR"	Clover Leaf Engineering Lalitpur-3, Harihar Bhawan	११७.००	११०.००	५५९४.००
Panchakanya Devi Pokhari DPR	अर्बान पार्क प्रा.ली ललितपुर म.न.पा वार्ड नं ०३, पाटनढोका	४९६.००	४८१.००	३११०८.००

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन।डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरुजु

५९ **ढुंगाको प्रयोग -** कार्यालयले विभिन्न स्थानको वाटो वनाउदा कडा चट्टान देखिएकोमा उक्त चट्टान काटने काम गरेको देखिन्छ। यसरी ढुंगा निस्कनेमा ढुंगाको प्रयोग देखाएको छैन। प्रदेश आर्थिक ऐनमा गिट्टी ढुंगा वालुवाको प्रति क्यु फिट दर रु ६।०० कायम गरेकोमा वाटो वनाउने काममा त्यस्ता ढुंगा निस्केकोमा रोयल्टी समेत संकलन गरेको देखिदैन। सडक विभागको अर्थवर्कको नर्म्सको सेक्सन ९०० मा कडा चट्टान खन्ने काममा चट्टान प्रयोग गर्न सकिने अवस्थामा ५० प्रतिशत प्रयोग गर्नुपर्ने उल्लेख गरेको छ। कडा चट्टान आएकोमा स्टोन सोलिङ लगायतको काममा सोही ढुंगा प्रयोग गर्न सकिनेमा गरेको छैन भने ढुंगा उत्खनन भएकोमा उक्त ढुंगाको रोयल्टी लिइ प्रयोग गर्न दिनुपर्नेमा सो पनि गरेको छैन।जस्तैः- नया बस्ती तल्लो लोक्ताम तिन खोप्ने सडक मर्मत उ.स.को काममा Hard Rock ८५।७८ घ.मी Cutting को काम हुदा सोही योजनामा ३६।५८ घ.मी Stone Solling मा उक्त ढुंगाको प्रयोग गरेको छैन । अतः ढुंगाको मितव्ययी प्रयोग मार्फत लागत अनुमानमा किफायती

ल्याउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६० **झोलुगे पुलको स्टिल पार्टस खरिदमा ओभरहेड** - सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा निर्माण कार्यको हकमा मात्र १५ प्रतिशत ओभरहेड राख्न पाउने उल्लेख छ। यस व्यवस्था अनुसार मालसामान खरिदमा ओभरहेड राख्न मिल्ने कानूनी व्यवस्था छैन।कार्यालयले निम्न झोलुँगे पुल निर्माण कार्यको लागी झोलुँगे पुलको स्टिल पार्टस खरिदमा लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड दिएको देखिन्छ। ओभरहेड गणना नगरी लागत अनुमान तयार गर्नुपर्नेमा लागत अनुमानमा ओभरहेड राखी बोलपत्र आह्वान गर्दा वास्तविक हुनुपर्ने लागत अनुमान भन्दा रु. **१३४७८६।७१** वढीको लागत अनुमान तयार भएको देखिन्छ। लागत अनुमान तयार गर्दा वस्तुको हकमा समेत १५ प्रतिशत थप गरी अतिरिक्त व्ययभार थप भएको रकम अनियमित देखिएको रू.

(कार्यालयको भनाईः- झोलुँगे पुल सम्बन्धि सम्पुर्ण डि पि आर SODEC का प्राविधिकबाट भएको र सो सँस्थाले पेश गरेको लागत अनुमान अनुसार नै खरिद गरेको)

अनियमित भएको	१,३४,७८६.७१

(विस्तृत विवरण बेरूजु दफा ६० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६१ **नापी किताब** - निर्माण कार्यको विस्तृत अभिलेखाकंनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकमसमेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ ।पालिकाले अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिलअनुसार नापी किताब लुज सिटमा तयार गरेको पाइयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिलअनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्थाअनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज हुने हुँदा अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६२ **Inj.Oxytocin भण्डारणका लागी ILR Refrigerator खरीद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, तथा दफा ४ मा खरिद कार्य गर्नु खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन योजना विशेष आवश्यकता वा अन्य विवरणहरू तयार गर्नुपर्ने उल्लेख छ। पालिकले मेडिसर्ज ट्रेडर्स लाई Inj. Oxytocin भण्डारणका लागी ILR Refrigerator खरीद वपत रु ३,९८,८९०.०० भुक्तानी गर्दा विभागबाट जारी भएको स्पेसिफिकेशन बमोजिम खरिद गरेको जनाएको छ । लेखापरीक्षणको क्रममा खरिद गरिएको स्वास्थ्य सामाग्री स्पेसिफिकेशन बमोजिम भए नभएको खुल्ने सञ्चालन म्यानुअल तथा आई एस ओ सर्टिफाईड र सप्लाई गरिएका सामान बरावरको बैक २ वर्षको बैक ग्यारेन्टी राख्नुपर्नेमा सो समेत पेश नभएकोले तोकिएको गुणस्तरको सामग्री प्राप्त भएको एकिन हुन सकेन । उल्लेखित व्यवस्थाको पालना नगरी सोझै खरिद गरी रु. ३,९८,८९०.०० खर्च

गरेकोले स्पेसिफिकेश खुल्ने सञ्चालन म्यानुअल तथा आई एस ओ सर्टिफाईड र २ वर्ष बैक ग्यारेन्टी समेत पेश हुनुपर्ने रू.

प्रमाण पेश नगरेको	३,९८,८००

६३ **उपभोक्ता समितिको काममा बढी परिमाण भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ विलको आधारमा रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ भने नियम ९७ मा उपभोक्ता समितिले खर्चका विल भर्पाइ पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत् गरिने निम्न कामको लागि दर विश्लेषण गर्दा **सिमेन्ट आइटम** नम्स अनुसार राखेको र सोको दर जिल्ला दररेट अनुसार राखी लागत अनुमान तयार गरेको छ ।सो काम सम्पन्न भए पश्चात प्राविधिकले नाप जाँच गरी मुल्याँकन बिल अनुसार भुक्तानी दिएको देखिन्छ ।तर उपभोक्ता समितिले पेश गरेको बिल बिजकमा सिमेन्टको परिमाण कम रहेको अवस्थामा पनि प्राविधिकले मुल्यांकन बिलमा बढी परिमाण जनाई बढि खर्च लेखेको छ ।अतः वढी परिमाण लाग्ने गरी विश्लेषण गरी भुक्तानी गर्ने तर कम परिमाणको विजक पेश गर्नेको फरक रकम (नमुना छनोटको रुपमा हेरीएका केही योजना) असुल गर्नुपर्ने देखिएको रु.

यसरी उपभोक्ता समितिले पेश गरेको बिल बिजकमा कम परिमाण हुने र प्राविधिको मुल्याँकन बिलमा बढी परिमाण भुक्तानी हुने फरक रकम मात्र नभई उक्त योजनाको काम गुणस्तरयुक्त भयो भएन भन्ने बिषयमा पनि आश्वश्ता हुन सकिएन ।

असुल गर्नुपर्ने	४३,८५३

(विस्तृत विवरण बेरूजु दफा ६३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६४ **उपभोक्ता समितिको काममा मुअकर बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ विलको आधारमा रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ भने नियम ९७ मा उपभोक्ता समितिले खर्चका विल भर्पाइ पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कामको लागि दर विश्लेषण गर्दा सिमेन्ट आइटममा संखुवासभाको जिल्ला दर रेट रु. ९२४।०० मा मुअकर जोड गरी प्रति बोरा सिमेन्ट रु. १०४४।१२ कायम गरी भुक्तानी गरेको तर विजक कम भएको अवस्थामा समेत सवै रकम भुक्तानी भएको छ। यस सम्वन्धमा छलफल गर्दा उपभोक्ता समितिले कम दरको विजक पेश गर्ने गरेको कार्यालयले जनाएको छ। तर कम दरको विजक पेश गर्दा रकम सवै भुक्तानी हुने तर राज्यलाइ वुझाउनुपर्ने करमा कमी आउने हुँदा यस्तो प्रकारको न्युन विजकीकरण मार्फत् कर छली लाइ कार्यालयले समेत नियन्त्रण गर्नुपर्ने देखिन्छ। अतः वढी दर लाग्ने गरी विश्लेषण गरी भुक्तानी गर्ने तर कम विजक पेश गर्नेको फरक मुअकर रकम (नमुना छनोटको रुपमा हेरीएका केही योजना) असुल गर्नुपर्ने देखिएको रू.

असुल गर्नुपर्ने	२७,९३०.२

(विस्तृत विवरण बेरूजु दफा ६४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६५ **बीमा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पूण जोखिम वहन

गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल बमोजिमका ठेक्काहरुमा बीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरित खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार बनाइ बीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान् दिनुपर्दछ ।

ठेक्का नं.	निर्माण व्यवसायी	सम्झौता रकम	विओक्यू मा बीमा रकम	कैफियत
CRM\W\NCB\B\01\077\78	रानी ढुँगा निर्माण सेवा खाँदबारी ३	६७४५६२१।४१	१०००००।००	बिमा नगरेको भनी भुक्तानी नदिएको
जम्मा			१०००००।००	

सैद्धान्तिक बेरुजु

६६ **हेभी इक्युमेन्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यस प्रकार रहेका छन्ः

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा ६६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६७ **नन्फाइलर** - मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यबस्था छ । मुल्य अभिबृद्धि कर समेत भुक्तानी लिएका आपुर्तककर्ता तथा सेवा प्रदायकहरुले बुझाउनुपर्ने कर विवरण नबुझाई नन्फाइलर रहेको तथा कर विजक नभएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू.

प्रमाण पेश नगरेको	४,६२,५५०

(विस्तृत विवरण बेरूजु दफा ६७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६८ **मुल्य अभिबृद्धि कर सम्बन्धमा** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग वमोजिम

सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघ संस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मु.अ. कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समिति मार्फत मेशिनद्धारा काम गराउने भनी मु.अ.कर समेतको लागत अनुमान तयार गरेको र सो अनुसार कार्यसम्पन्न भई उपभोक्ता समितलाई भुक्तानी दिएको छ ।उपभोक्ता समितिले उक्त निर्माण कार्य वापतको रकम मु.अ. कर सहित निर्माण व्यबसायीलाई भुक्तानी दिएको बिल पेश भएको देखिन्छ।यसरी उपभोक्ताबाट निर्माण व्यबसायीलाई मुल्य अभिवृद्धि करको शत प्रतिशत भुक्तानी हुने हुँदा यस्तो कार्यमा नीतिग सुधार हुनुपर्दछ ।नमुना छनौटका रुपमा देखिएका केही उदाहरणहरू:-

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा ६८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६९ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा योजना सञ्चालन गरी यस वर्ष ५४ जनालाई औसत १०० दिनले रोजगारी उपलव्ध गराई रु ३१,१५,८०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

७० **असुल** - कार्यपालिकाको २०८०।३।१५ को निर्णय अनुसार सुरक्षित नागरिक आवास कार्यक्रमको पहिलो किस्ता लगि कार्य नगरेका मदन राईको स्थानमा सोही वडा नं १ का कुल बहादुर गुरुङ्गलाई छनौट तथा सिफारिस गरी रु ५००००।०० भुक्तानी गरेकोले पहिलो किस्ता लगि कार्य नगर्ने मदन राईबाट रू.३००००।०० असुल हुनुपर्ने रू.

असुल गर्नुपर्ने	३०,०००

७१ **गाउँपालिकाको प्रशासकीय भवन निर्माण -**

७१.१ गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्न डिपिआर अनुसार कुल लागत रु. ७,२६,७०,०७४।- लाग्ने यकिन गरेकोमा पालिकाले सम्पूर्ण रकमको ठेक्का नगरी १ तला मात्रको आंशिक लागत अनुमान रु. २,१६,२८,६८३.३३ को मात्र ठेक्का आव्हान गरी २०७९।११।१३ मा सम्पन्न गर्ने गरी

२०७७।३।१४ मा कन्सालिङ्ग/अरुण वरुण निर्माण जे.भि.सँग रु. २,१०,६४,१४८।- मा सम्झौता गरेकोमा भेरिएशनसमेत रु २३८२९५०३।९८ को कार्य सम्पन्न गरी यस आर्थिक वर्षमा रु १८३६६१३।७७ भुक्तानी गरेको छ। पर्याप्त कारण वेगर ढिलो कार्य सम्पन्न गरेकोमा नियममा भएको व्यवस्था विपरीत सम्झौता अवधि बढि समयको म्याद थप गरि पूर्व निर्धारित क्षतिपूर्ति वेगर कार्य सम्पन्न भुक्तानी गरेको नियम संगत देखिदैन ।

सैद्धान्तिक बेरुजु

७१.२ **नन् फाइलर –** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६(१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले विक्रम सम्वत् अनुसारको एक महिनाको कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले २५ दिनभित्र सम्बन्धित कर अधिकृत समक्ष पेस गर्नुपर्ने उल्लेख छ । सो व्यवस्थाअनुसार करदाता कुन्सलिङ्ग अरुण बरुण जे.भि.ले लेखापरीक्षणको अवधिसम्म पनि विवरण दाखिला नगरेको व्यहोरा आन्तरिक राजस्व विभागको वेभसाइटबाट देखियो । निम्न कार्यको तपशिलमा उल्लेखित आपूर्तकका भुक्तानी रु. १६२८७३३।२५ दिएकोमा उक्त मूल्य अभिवृद्धि कर रु. २०७८४९।०० दाखिला नगरी नन् फाइलर रहेको पाइयो । भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु. २०७८४९।०० को कर समायोजन विवरण पेश हुनुपर्ने रू.

प्रमाण पेश नगरेको	२,०७,८४९

७२ **५ शैय्याको अस्पताल**

७२.१ कार्य प्रगति निर्माण व्यवसायीले सम्झौतामा उल्लेख भएको समयावधिमा सम्झौता वमोजिमका सबै निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । पालिकाले ५ शैय्याको अस्पताल निर्माण कार्यका लागि निर्माण व्यवसायी चक्रेश्वरी जोशी जेभी सँग रु. ६७७३४१३६।९५ (मुअकर समेत) भुक्तानी गर्नेगरी २०७८।६।१६ मा सम्झौता गरी निर्माण कार्य २०८०।६।१४ भित्र सम्पन्न गर्नुपर्ने उल्लेख छ। यो बर्ष कार्यालयले निर्माण व्यवसायीलाई ३ रनिङ्गको रु १५७४२३५८।२५ भुक्तानी गर्दा ८० प्रतिशत समयावधि समाप्तिमा २३ प्रतिशत मात्र प्रगति देखिएकोले सम्झौता वमोजिम निर्माण व्यवसायिले कार्यतालिका वमोजमिको समयमा निर्माण कार्य गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७२.२ कार्यतालिका उल्लेखित निर्माण व्यवसायि सँग भएको सम्झौताको वुँदा नं ३४.१ र ३४.३ मा निर्माण व्यवसायिले सम्झौता गरेको १५ दिन भित्र निर्माण कार्यतालिका पेश गर्नुपर्ने र हरेक ६० दिनमा कार्यतालिका अपडेट गर्नुपर्ने अन्यथा रु.५,००,०००।०० का दरले भुक्तानी रोक्का राख्नुपर्ने उल्लेख छ । उल्लेखित निर्माण व्यवसायिले सम्झौता वमोजिम कार्यतालिका पेश नगरेको तथा अपडेट गरेको देखिएन । सम्झौताका शर्त बमोजिम कार्यतालिका तोकिएको समयमा पेश नगरेकाले भुक्तानीवाट रु.५०००००/- विथहोल्ड गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	५,००,०००

७२. **बीमा भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा विमा गराउनुपर्ने व्यवस्था

३ छ । खरिदसम्झौता अनुसार निमार्ण व्यवसायीले निर्माण सामग्री, मेसिन औजार र तेस्रो पक्ष कामदारको बीमा गर्नुपर्दछ । सम्झौता बिल अफ क्वान्टिटीमा प्रोभिजनल सम अन्तर्गत निर्माण कार्य तथा उपकरणको बीमा गर्न प्रोभिजनल सम बाट रु.२७२५६०।०० भुक्तानी भएकोमा पेश भएको विमालेख २०७८।६।१६ मा सम्झौता गरी निर्माण कार्य २०८०।६।१४ भित्र सम्पन्न गर्नुपर्ने उल्लेख भए बमोजिम २ वर्षको जारी गर्नुपर्नेमा ६ महिनाको मात्र पेश गरेकोले घटी अवधिको अनुपातिक रुपमा रु २०४४२०।०० कट्टा गर्नु पर्ने अन्यथा पुरै अवधीको पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	२,०४,४२०

७३ **पेश्कीको प्रयोग** - निर्माण व्यवसायी सँग भएको सम्झौताको बुँदा नं जिसिसि ५७.१ मा पालिकाले ५ शैय्याको अस्पताल निर्माण कार्यको लागि प्रदान गरेको मोविलाइजेशन पेश्की वापतको रकम निर्माण व्यवसायीले छुट्टै खाताखोली जम्मा गर्नुपर्ने र निर्माण व्यवसायिले उक्त खातावाट खर्च भएको खर्च प्रतिवेदन पालिकामा पेश गर्नुपर्ने उल्लेख भएको छ। निर्माण व्यवसायिले पेश्की रु.११८८२०००।०० भुक्तानी लिएकोमा छुट्टै खातामा जम्मा गरेको र सोवाट खर्च गरको प्रतिवेदन पालिकामा हालसम्म वुझाएको देखिदैन। यसवाट निर्माण व्यवसायिले ८० प्रतिशत समयावधि समाप्तिमा २३ प्रतिशत मात्र प्रगति गरेको देखिएकोले भुक्तानी पाएको पेश्की रकम सम्वन्धित कार्यमा मात्र प्रयोग भएको सम्वन्धमा यकिन गर्न सकिदैन । सम्झौताका शर्तको पूर्ण पालना गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७४ **सुरक्षित नागरिक आवास कार्यक्रम** - सुरक्षित नागरिक आवास कार्यक्रम कायान्वयन कार्यविधि २०७५ को दफा ५(७) अनुसार अनुदान उपलव्ध गराउदा स्थानीय तहसँग सझौता भएपछि पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलध गराउने र निर्माण कार्यसम्पन्न भए पश्चात अनुसुची ३ वमोजमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा दोस्रो तथा अन्तिम किस्ता वापत वांकी ४० प्रतिशत अनुदान रकम उपलव्ध गराउने व्यवस्था गरेको छ। पालिकाले आ व २०७९।८० सम्ममा गरी १२९ परिवार मध्ये प्रथम किस्ता वापत तिस हजारका दरले रु ३७ लाख ७६ हजार रकम भुक्तानी गरेकोमा आ व २०७९।८० सम्ममा १८ घरधुरीले प्रथम किस्ता रु ३० हजारका दरले ५४००००।०० लगेकोमा प्राविधिक प्रतिवेदन सहितको सिफारीसको आधारमा दोस्रो तथा अन्तिम किस्ता वापत वांकी ४० प्रतिशत कार्य सम्पन्न गरेको नदेखिएकोले तिस हजारका दरले रकम उपलव्ध गराएको रकमको निर्माण कार्य सम्पन्न पेश गर्नुपर्ने अन्यथा रु ५४००००।०० असुल गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	५,४०,०००

७५ **अभिलेख व्यबस्थापन(सामाजिक सुरक्षा) -**

एम.आई.एस. विवरणः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम आई एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त एम.आई.एसमूल अभिलेखको परीक्षण गर्दा लाभग्राहीहरूको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही

लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना प्र.प्र.नं दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेको समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरूको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम आई एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।

प्रतिवेदनः सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्ने मा सो अनुसार पठाउने गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

७६ **मृत्यु भएका लाभग्राहीलाई भत्ता(सामाजिक सुरक्षा) -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को अनुसुची १०(९) बमोजिम निष्कृय खाताहरुको विवरण तोकिएको समयमा पालिका तथा पञ्जिकरण विभागमा पठाउनुपर्नेमा पठाएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुँदा १५ अनुसार भत्ता खाइपाइ आएको कुनै लाभग्राहीको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता निजको हकवालालाई भुक्तानी दिन सकिने व्यवस्था रहेकोमा कार्यालयलाई बैंकबाट प्राप्त रिभर्स फिड र ब्याच ईन्ट्रिको नमुना रुपमा परीक्षण गर्दा तपसिल बमोजिमको मृत्यु भएका लाभग्राहिहरुले पाउने रकम भन्दा बढी रकम बैक दाखिला गरेको देखिएकोले सो सम्बन्धमा पालिकाले आवश्यक छानवीन गरि बढी रकम दाखिला भएमा बढी दाखिला भएको रकम असुल गरी केन्द्रीय संचित कोष दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	३७,३१४

(विस्तृत विवरण बेरूजु दफा ७६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७७ **नागरिकता नम्बर एकै भएका लाभग्राही(सामाजिक सुरक्षा) -** नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका ५ वटा वडाको **तेस्रो त्रैमासिकको** नमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरूको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरूको नागरिकता परिचयपत्र नं. दोहोरो परेको देखिन्छ ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरूले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी यात् दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आइ एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा ७७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७८ **निष्कृय खाता(सामाजिक सुरक्षा) -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले निस्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ । पालिकाले यस आ.व.मा

प्रभु बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा लेखापरीक्षणको क्रममा निस्कृय खाताको विवरण माग गर्दा बैंकबाट प्राप्त नभएको भनी पालिकाबाट प्राप्त भएन । यसर्थ बैंकमा रहेको खातामध्ये निस्कृय खातामा के कति रकम रहेको छ सो सम्बन्धमा स्पष्ट हुन सकिएन । कार्यविधिमा उल्लेखित व्यवस्था र पालिका र बैंकबीच भएको सम्झौताका सर्तहरूको पूर्ण पालना गर्ने र लागू गर्नेतर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ साथै निस्कृय खाता यकिन गरी सो खातामा रहेको रकम संघीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७९ **दोहोरो सुविधा अभिलेख(सामाजिक सुरक्षा) -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १५ अनुसार कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति, सरकारी कोषबाट निवृत्तिभरण पाइरहेको व्यक्ति र अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक, अवकाश सुविधा एंव अन्य सुविधा पाइरहेको व्यक्तिले सामाजिक सुरक्षा पाउने छैन ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरुमा यस किसिमको अभिलेख राखेको पाइएन ।सो कारण सामाजिक सुरक्षा नपाउने व्यक्तिहरुको भिडान गर्न सकिएको छैन ।आगामी दिनमा वडा कार्यायलयहरुले अभिलेख राख्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८० **हिसाब भिडान(सामाजिक सुरक्षा) -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत् वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरी आएको तर निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८१ **बैंक रुजु(सामाजिक सुरक्षा) -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ ।सम्बन्धित बैंकबाट एक आर्थिक बर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीहरूको विवरण माग छानबिन गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

८२ **सामाजिक सुरक्षा(सामाजिक सुरक्षा) -**

पारदर्शिता र जवाफदेहिताः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।

सार्वजनिक सुनुवाईः स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरू सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।

अनुगमनः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

सैद्धान्तिक बेरुजु

८३ **सामाजिक सुरक्षा वितरण** -पालिकाले यस आर्थिक बर्षमा ५ वटा वडामा सामाजिक सुरक्षा भत्ता जम्मा रु.३३६०९०५४।०० निकासा गरेकोमा जम्मा रु.३३३६५१५८।५७ वितरण भई खर्च जनाएको छ ।बाँकी मिति २०८०।३।३१ मा रु.२४३८९५।४३ फिर्ता भई बैंक दाखिला भएको छ ।

सैद्धान्तिक बेरुजु

८४ **आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरू -**

सि.नं.	गो.भौ.नं.	मिति	आन्तरिक लेखापरीक्षण गर्दा देखिएको मुख्य व्यहोरा (बेरुजु)	नियमित गर्नुपर्ने	असुल गर्नुपर्ने	पेश्की बाँकी
			पुजीगत तर्फ			
१	४७	२०७९/११/ १०	बर्खे समुह भवन शौचालय निर्माणको योजना कार्यन्वयन गर्दा उपभोक्ता समितीले रू. १६,७३०।- रकम बराबरको			

			ईटा खरिद गर्दा इस्टिमेट विलको समावेश गरेको पाईयो ।			
२	१४०	२०८०/२/३०	चिचिला गाउँपालिका कार्यालयको सभाहलमा स्टेज निर्माण सम्बन्धि योजनाको कार्यान्वयन अमानत विधिबाट गरेको देखिन्छ जसमा प्रयोग भएको विविध आईटमको विल फोटोकपी प्रति प्रयोग भएको देखिन्छ।			
			गाँउपालिका चालु			
३	४	२०७९/५/२२	चौथो सार्वजनिक सुनुवाई शिर्षकमा जम्मा रू.९७,६३२।- मात्र भुक्तानी भएको देखिन्छ जसमा कार्यदेश, लागत अनुमान र भुक्तानिको लागि टिप्पणी समावेश भएको देखिदैन ।			
४	६	२०७९/५/२२	सवारीसाधन मर्मत तथा नयाँ एम्बुलेन्स स्तरोन्नती शिर्षकमा हलिका सवारी चालक श्री ख्यमराज राईले रु. ६६६६६५।०० पेश्की स्वरुप दिएको पाईयो जसमा निवेदकको पेश्की माग निवेदन संलग्न भएको देखिदैन। नयाँ एम्बुलेन्स स्तरोन्नती शिर्षकमा श्री शिखर कार डेकुरेसन प्रा.ली लाई विना स्टोर दाखिला रू.२,३३,३४५।- रकम भुक्तानी गरेको र उक्त पेश्की २०८०/३/१३ मा फछ्यौंट भएको देखिन्छ। फछ्यौंटका क्रममा संलग्न विल, भर्पाईको कर चुक्ता प्रमाणपत्र नभेटिएकाले TDS वापतको रू. ६८७५।०० रकम सम्बन्धितवाट दाखिला गराउनु पर्ने साथै कार्यालयले यस्ता ठुला प्रकृतिका खरिदका काम व्यक्तिवाट नगराई सम्बन्धित फर्मवाट गराउन तर्फ ध्यान दिनु पर्दछ ।		**6875।-**	
५	१२५	२०७९/९/२०	आकस्मिक कोष मार्फत चिचिला वडा नं ५ को वडा कार्यालयना ग्रिल लगाउने कार्यमा रु. ९४,५५८।- भुक्तानी भएको			

			देखिन्छ, उक्त भुक्तानीमा संलग्न कोशी हार्डवयर एण्ड सप्लायर्सको विल नक्कल प्रति प्रयोग भएको देखिन्छ ।			
६	३६६	२०८०/२/२१	इन्टरनेट सञ्चालन खर्च शिर्षकमा फास्ट स्पिड लिंक नेटवर्क प्रा.ली लाई रु. १,८५,५००।- मात्र भुक्तानि भएको देखिन्छ ।जसमा चिचिला गाउँपालिकाको प्रशासकीय भवनमा जडान भएको इन्टरनेट र support and maintence charge मा रु. १,२०,०००।०० खर्च भएकोमा इन्टरनेटको स्पिड नखुलाईएको साथै के र कहाको maintence charge हो भन्ने यकिन हुन सकिएन ।			
७	४१५	२०८०/३/७	आकष्मिक कोष मार्फत भुक्तानी भएको श्री कप्दाने पोखरी संरक्षण समितिलाई पुजा सम्पन्नको लागि रु. ७८०००।०० भुक्तानी भएको देखिन्छ जसमा सम्झौता पत्र समावेश भएको देखिदैन।			
८	४९१	२०८०/३/२१	सिलिचोङ मल्टिमिडिया प्रा.ली.लाई सभाको भिडियो निर्माण शिर्षकमा ३३९००।०० भुक्तानि भएको देखिन्छ । जसमा कार्यदेश समावेश गरेको देखिदैन साथै सार्वजनिक खर्चलाई मितव्ययिता कायम गर्न उक्त कार्यक्रम आवश्यक देखिदैन।			
९	४	२०७९/४/२२	आर्थिक बर्ष २०७८।७९ को अन्तिम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन वापत श्री बगैचा मिडिया एड्भरटाईजिङ प्रा.ली. लाई रु. ९७६३२।०० भुक्तानी भएको देखिन्छ जसमा सम्झौता, कार्यदेश, भुक्तानीको टिप्पणी विना खर्च गरेको देखिन्छ ।			
१०	७		मनराम मोटर्सलाई सवारी साधन मर्मतमा रु. २०५०९९।०० मात्र भुक्तानी भएको देखीन्छ जसमा			

			स्टोर दाखिला विना खर्च गरेको देखीन्छ।			
११	१०		आदिवासी जनजाती उत्थान कार्यक्रम (लोहरुङ समाज) लाई भुक्तानि गरिएको रु. १,००,०००।०० बराबरको छपाई गर्ने भनि निकाशा गरिएको Lohorung textbook को प्रति समावेश छैन। साथै प्राज्ञिक परामर्श वापत खर्च भएको ३५,०००।- को भर्पाई समेत समावेश गरिएको छैन। तसर्थ छपाई र अन्य काममा खर्च भए नभएको प्रस्ट हुन सकिएन।			
			बज्रचार्य सप्लायर्सबाट खरिद गरिएका ३,७८,९७०।- वरावरको विविध सामग्रिको दाखिलामा कार्यालय प्रमुखको हस्ताक्षर बाकि छ, उक्त रकम सम्ब्धित फर्मको खातामा सोझै भुक्तानि नगरि कार्यालयका कर्मचारी श्री शान्ता लुम्बाले भुक्तानि लिएको देखिन्छ जसमा फर्मलाई भुक्तानी गरेको कुनै प्रमाण समावेश गरेको देखीएन ।			
१२	३४		नविकरण उर्जा प्रविधि जडान कार्यक्रममा प्रताप सिंह राईलाई रु, ४४,८००।- भुक्तानि भएको देखिन्छ जसमा भुक्तानिको टिप्पणि समावेश गरिएको देखिदैन ।			
१३	४१		फेञ्जुङ खेल मैदान निर्माण उपभोक्ता समितिलाई रू. १७५१८७०।०० रकम भुक्नि भएको देखिन्छ, उक्त समितिले प्रयोग गरेको सगुन ईनर्जीको रू. ११,१४१।८० रकम बराबरको विल विजक नक्कल प्रति प्रयोग भएको देखिन्छ ।			
१४	४६		सुरक्षित नागरिक आवास कार्यक्रमको भुक्तान सम्बन्धमा श्री सल बहादुर गुरुङको सम्झौता विना भुक्तानि भएको देखिन्छ साथै सुदिप आईरन सप्लायर्सको			

			रू.५१४७९।१८ रकम बराबरको फोटोकपी विल विजक समावेश गरिएको छ ।			
१५	३७, ३९,४१,१८३		चिचिला गाउँपालिकामा कार्यरत देहाय वमोजिमका कर्मचारीले मोटरसाईकल मर्मत शिर्षकमा मर्मत आदेश र स्टोर दाखिला विना तपशिल वमोजिमको रकम भुक्तानि लिएको देखिन्छ । १. श्री रविन विश्वकर्मा- १७,३००।- (गो भौ नं ३७) २. श्री गोविन गुरुङ- ३०,८००।- (गो भौ नं ३९) ३. गौरव थापा- ३४,९७६।- (गो भौ नं ४१) ४. ज्ञान वहादुर तामाङ- ५२,५३३।- (गो भौ नं ४१) ५. विशाल कटवाल- ७८८०।- (गो भौ नं १८३)			
१६	४९		चिचिला गाउँपालिकामा कार्यरत कर्मचारी श्री लाक्पा वाङ्दि शेर्पाले पेश्की फछ्र्यौटको लागि समावेश गरेका विलहरुको स्टोर दाखिला भएको देखिदैन । जम्मा पेश्की रकम- रू. ५०,०००।-			
१७	७१	२०७९/८/८	रानी ढुङ्गा निर्माण सेवा नामक फर्मलाई निर्माण कार्यको लागि रु. २,९६,८१२।- वरावरको रकम भुक्तानको सन्दर्भमा मुल्यङ्कन समितिबाट स्विकृत भएको देखिदैन ।			
१८	७३		कार्यालयका कर्मचारी श्री दिलराज पौडेलले लिएको सोधभर्नाको शिर्षकमा प्रयोग भएका रु, ४१,७८५।०० रकम वरावरको विलहरुको स्टोर दाखिला समावेश भएको दैखिदैन।			
१९	७८		आकष्मिक कोषवाट खर्च भई अमानत विविवाट कार्यन्वयन भएको रू. ९९३६४।०० रकम कार्यालयका कर्मचारी श्री ज्ञान बहादुर तामाङले भुक्तन लिएको देखिन्छ । अमानत विधिवाट कार्यन्वयन गरिएको उक्त कार्यको			

			सार्वजनिक खरिद नियमावलीको दफा-९८ उपदफा २,३ मा आवश्यक निर्माण सामग्री उपलव्ध गराई ज्यालादारी वाट कार्यन्वयन गराउनु पर्ने भनिएता पनि हेवी ईक्विमेन्टकको प्रयोग गरेको देखिन्छ ।			
२०	९७		स्किल कर्नर कन्सल्टेसन नेपालको नाममा भुक्तान भएको २५०००।०० रकममा विल नक्कल प्रति प्रयोग भएको छ ।			
२१	१८०	२०७९/११/१५	स्वस्थ्य आमा समुह व्यवस्थापन उपभोक्ता समितिलाई रु. ५०,०००।०० भुक्तानी भएको देखिन्छ । जसमा सम्झौता, कार्यदेश, भुक्तानि टिप्पणी, सामान दाखिला समेत भएको देखिंदैन ।			
			बिविध			
२२			**राजश्व दाखिला नगरेको:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदावित्व ऐनको दफा २८ वमोजिम आफ्नो जिम्मामा आएको सरकी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट दाखिला गरि श्रेष्ता खडा र दश दिन भन्दा बढि ढिलो गरेको भए १०% का दरले जरिवाना दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्नु पर्दछ । पालिकाले समयमा दाखिला नगर्ने जिम्मेवार व्यक्तिलाई नियमानुसार जरिवाना तथा तथा कारवाही गरेको देखिंदैन । तसर्थ, नियममा भएका व्यवस्था कार्यन्वयनमा ध्यान दिनुपर्दछ ।			
२३			**आर्थिक सहायता:** सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड २०७८ को वुदा- १३मा तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपुर्ति, औषधि उपचार, राहत लगायत सहयोग उपलव्ध गराउन पर्ने			

			व्यवस्था उल्लेख गरिएको छ यस बर्ष पालिकाले आर्थिक सहायता शिर्षकमा बिभिन्न ४४ जना व्यक्तिहरुलाई निवेदन र तोक आदेशको आधारमा जम्मा ७,४४,०००।- वितरण गरेको देखिन्छ। तसर्थ, यस्ता किसिमका आर्थिक सहायता वितरन गर्दा निश्चित सिमा, मापदण्ड र कार्यविधि तयार गरि नियन्त्रित र व्यवस्थित तरिकाले वितरण गर्ने तर्फ पालिकाको ध्यान जान आवश्यक देखिन्छ ।			
२४			<u>सवारीसाधन भाडाः</u> पालिकाले यस बर्ष मेसिनरी तथा सवारी भाडा शिर्षकबाट १०,००,०००।०० र कन्टेन्जेन्सी बाट १,४४,३४५।०० गरि जम्मा ११,४४,३४५।०० खर्च गरेको देखिन्छ । यस्तो कार्यमा मितव्ययी कायम गरि कार्यालयले कार्यालय भित्र प्रयोग गर्ने गाडिको स्विकृत दररेट अनुसार कार्यालयलाई हानि नहुने गरी खर्च गर्नु पर्दछ ।			
२५			<u>सवारीसाधन मर्मतः</u> सार्वजनिक खरिद नियमावलि, २०६४ नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसमानको मर्मत सम्भारको लागत अनुमान तयार गर्दा त्यस्तो निकायमा त्यस सम्बन्धि विशेषज्ञ वा दक्ष कर्मचारी भए उक्त कर्मचारीबाट र नभए काम गर्ने व्यक्ति, फर्म, कम्पनि, संस्था बाट लागत अनुमान गराउनु पर्ने व्यवस्था छ। कार्यालयले यस बर्ष पालिकाले यस बर्ष सवारी साधन मर्मत शिर्षकमा रू.२३,०४,०००।०० र मोटरसाईकल मर्मत शिर्षकमा रू.१०,४०,०००।०० गरि जम्मा रू. ३३,४४,०००।- रकम खर्च गरेकोमा नियमावलिमा व्यवस्था भए वमोजिम विशेषज्ञबाट लागत			

			अनुमान तयार नगरी खर्च गरेको पाईयो। अतः नियमावलिमा भएको व्यवस्था पालना गरि मर्मत सम्भार कार्यलाई व्यवस्थित बनाउनु पर्दछ ।			
२६			सवारी साधन दर्ता नभएकोः गाउँपालिकामा आर्थिक बर्ष २०७८।७९ मा खरिद गरिएका देहाय वमोजिमका सवारीसाधनहरु गाउँपालिकाको नाममा नामसारी गर्नु पर्नेमा पालिकाको नाममा नामसारी गरेको देखिदैन। उक्त व्यहोरा गत बर्षको मलेपको प्रतिवेदनमा पनि समावेश गरिएको छ। १, यमाहा बाईक V3, ईश्वर ईन्टरप्राईजेज रू.४,०४,९००।०० (फर्मवाट प्राप्त कर विजकमा अर्के सवारीसाधन दर्ता भएको देखिन्छ।) २, एक्स पल्स बाईक, सेवा ट्रेड रू. ४,००,०००।००			

सैद्धान्तिक बेरुजु

८५ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

अनुसुचीहरू

आर्थिक कारोबारको स्थिति अनुसूची १

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : चिचिला गाउँपालिका, संखुवासभा ।

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	शुक्रादेवी राई	२०७९-०४-०१	२०८०-०३-३०
लेखा प्रमुख	अरबिन्द कुमार झा	२०७९-०४-०१	२०८०-०३-३०

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४७३,००७.२	६,६०७,५०१.४९	३,८२४,१३०	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१०,९०४,६३८.६९
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					१७७,७७८
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१०,७२६,८६०.६९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२७४९९५९६.२९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१८६९५९५००	चालु खर्च	१७१३७१७९०.२७
प्रदेश सरकारबाट अनुदान	११८९७३६८	पूँजीगत खर्च	६९३५८६०२
राजश्व बाँडफाँट	४४९६४७५३.९३	वित्तीय/अन्य व्यवस्था	८१८७२२५४.०७
आन्तरिक आय	५७१२१५९.८५		
अन्य आय	६८४२३३२६.५७		
कुल आय	३१७९५७१०८.३५	कुल खर्च	३२२६०२६४६.३४
बाँकी मौज्दात		२२८५४०५८.३	

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -३

प्राप्ती भुक्तानी हिसाव								
विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		३०,४०,६४,८६०.७९	२४,४३,१५,६८७.७८		२४,४३,१५,६८७.७८	२२,७२,८४,६१४.०८		२२,७२,८४,६१४.०८
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		२८,५५,२१,७४२.७९	२३,५१,८२,१७९.७८	०	२३,५१,८२,१७९.७८	२२,६४,३५,८९८.०८	०	२२,६४,३५,८९८.०८
११००० कर	११	५,३२,७९,२६०.००	५,०६,७६,९१३.७८	०	५,०६,७६,९१३.७८	४,०१,१३,०४२.०८	०	४,०१,१३,०४२.०८
१३००० अनुदान		२०,९८,५२,०००.००	१८,४५,०५,२६६.००	०	१८,४५,०५,२६६.००	१८,६३,२२,८५६.००	०	१८,६३,२२,८५६.००
संघीय सरकार	१२	१९,३५,१६,०००.००	१७,२६,०७,८९८.००	०	१७,२६,०७,८९८.००	१६,८३,८०,३१७.००	०	१६,८३,८०,३१७.००
प्रदेश सरकार	१२	१,६३,३६,०००.००	१,१८,९७,३६८.००	०	१,१८,९७,३६८.००	१,७९,४२,५३९.००	०	१,७९,४२,५३९.००
३२००० वित्तीय सम्पत्ति		२,२३,९०,४८२.७९	०	०	०	०	०	०
ख. अन्य प्राप्ति		१,८५,४३,११८.००	९१,३३,५०८.००		९१,३३,५०८.००	८,४८,७१६.००		८,४८,७१६.००
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०
कोषहरु		१,८५,४३,११८.००	७२,४४,६५५.००	०	७२,४४,६५५.००	०	०	०
धरौटी		०	१८,८८,८५३.००	०	१८,८८,८५३.००	८,४८,७१६.००	०	८,४८,७१६.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
भुक्तानी (ग+घ)		३०,४०,६४,८६०.७९	२५,८१,४५,३८६.२७		२५,८१,४५,३८६.२७	२४,०७,१२,७९२.००		२४,०७,१२,७९२.००

ग. भुक्तानी (सञ्चित कोषबाट)		२८,५५,२१,७४२.७९	२४,०७,३०,३९२.२७		२४,०७,३०,३९२.२७	२३,१५,१८,५६५.००		२३,१५,१८,५६५.००
२१००० पारिश्रमिक / सुविधा	१८	९,७२,०६,६८१.००	८,७०,८६,०९८.२७	०	८,७०,८६,०९८.२७	३,७७,४९,१४४.००	०	३,७७,४९,१४४.००
२२००० मालसामान तथा सेवाको उपयोग	१८	९,७७,६९,९७०.००	७,८३,१९,२१५.००	०	७,८३,१९,२१५.००	५,२९,६२,४३४.००	०	५,२९,६२,४३४.००
२५००० सहायता (Subsidy)	१८	२,५०,०००.००	२,००,०००.००	०	२,००,०००.००	८,००,०००.००	०	८,००,०००.००
२६००० अनुदान	१८	०	०	०	०	४,४९,७६,८०३.००	०	४,४९,७६,८०३.००
२७००० सामाजिक सुरक्षा	१८	३७,५६,०००.००	३४,४९,७२७.००	०	३४,४९,७२७.००	७२,७९,०४२.००	०	७२,७९,०४२.००
२८००० अन्य खर्च	१८	२७,२५,३१२.७९	२३,१६,७५०.००	०	२३,१६,७५०.००	२३,८६,४५३.००	०	२३,८६,४५३.००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	८,३८,१३,७७९.००	६,९३,५८,६०२.००	०	६,९३,५८,६०२.००	८,५३,६४,६८९.००	०	८,५३,६४,६८९.००
घ. अन्य भूक्तानी		१,८५,४३,११८.००	१,७४,१४,९९४.००		१,७४,१४,९९४.००	२४,०७,१२,७९२.००		२४,०७,१२,७९२.००
कोषहरु		१,८५,४३,११८.००	१,६०,३२,९८९.००	०	१,६०,३२,९८९.००	९०,३२,५२७.००	०	९०,३२,५२७.००
धरौटी		०	१३,८२,००५.००	०	१३,८२,००५.००	१,६१,७००.००	०	१,६१,७००.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
ङ. यो वर्षको बचत (न्युन)			(१,३८,२९,६९८.४९)		(१,३८,२९,६९८.४९)	(१,३४,२८,१७७.९२)		(१,३४,२८,१७७.९२)
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			३,७१,८२,२५६.७९		३,७१,८२,२५६.७९	४,०८,४८,२४१.२१		४,०८,४८,२४१.२१
वर्षान्तको बाकी रकम			२,३३,५२,५५८.३०		२,३३,५२,५५८.३०	२,७४,२०,०६३.२९		२,७४,२०,०६३.२९

(ङ + च)								
बैंक तथा नगद बाकी	२४		२,२८,५४,०५८.३०		२,२८,५४,०५८.३०	२,७४,९९,५९६.२९		२,७४,९९,५९६.२९

बेरूजु दफा २३ सँग सम्बन्धित विवरण - अनुसूची -४

सि.नं.	पेश्की लिएको मिति	पेश्कीको विवरण	पेश्की लिनेको नाम	चालु आ.व.	
				म्याद ननाघेको	म्याद नाघेको
सँस्थागत पेश्की					
१	२०८०/०३/१२	भिङगुना खोलाघारी झो.पु. चिचिला ४ र ५	एस.के.ईन्जिनियरिङ्ग इण्डस्ट्रिज	९१३६२।००	
२	२०८०/०३/२२	भिङगुना खोलाघारी झो.पु. चिचिला ४ र ५	एस.के.ईन्जिनियरिङ्ग इण्डस्ट्रिज	९१३६२।००	
जम्मा				१८२७२४।००	

बेरूजु दफा २५ सँग सम्बन्धित विवरण - अनुसूची -५

(रु.हजारमा)

योजनाको नाम	निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	सम्झौता रकम	यो बर्षसम्मको खर्च	प्रगति प्रतिशत
CONSTRUCTION OF HIRAK PARK,CHICHILA RURAL MUNICIPALITY,WARD	TULSI-JOSHI-SLATE JV,BUDDHANAGAR KATHMANDU	2078-POUSH-30 BS	2079-FALGUN-30 BS	47931	7459	16

NO:04,SANKHUWASABHA NEPAL ; CRM/W/NCB/P/1/077-078						
CONSTRUCTION OF 5 BED PRIMARY HOSPITAL CHICHILA RURAL MUNICIPALITY WARD NO 04, JUKE SANKHUWASABHA NEPAL; CRM/W/NCB/B/3/077-078	CHAKRESHWORI-JOSHI JV,BUDDHANAGAR KATHMANDU	2078-06-14 BS	2080-06-14 BS	67734	15742	23
जम्मा				**115665**	**23201**	**20**

बेरूजु दफा ६० सँग सम्बन्धित विवरण - अनुसूची -७

योजना कार्य	खरिद गरेको फर्म	ओभरहेड सहितको ला.अ.	ओभरहेड बाहेको ला.अ.	१५ प्रतिशत ओभरहेड
भिङगुना खोलाघारी झो.पु. चिचिला ४ र ५	एस.के.ईन्जिनियरिङ्ग इण्डस्ट्रिज, बुटवल	१०३३३६५।००	८९८५७८।२८	१३४७८६।७१
जम्मा		१०३३३६५।००	८९८५७८।२८	१३४७८६।७१

बेरूजु दफा ६३ सँग सम्बन्धित विवरण - अनुसूची -८

गो भा न	योजना नाम तथा विवरण	कार्यालयले भुक्तानी गरेको परिमाण (मुल्याँकन बिल)	पेश भएको बिजक अनुसारको परिमाण	बढी भुक्तानी भएको परिमाण	कार्यालयले भुक्तानी गरेको दर (जिल्ला दर रेट भ्याट समेत)	बढी भुक्तानी रकम
६५	हाडी खोला सिँचाई मर्मत उ.स.	१३२ बोरा	१०० बोरा	३२ बोरा	१०४४।१२	३३४१२
१२४	जलजले डाडा गाँउ भिङ्गुमा सिँचाई योजना उ.स.	१२५ बोरा	११५ बोरा	१० बोरा	१०४४।१२	१०४४१
जम्मा						४३८५३।००

बेरूजु दफा ६४ सँग सम्बन्धित विवरण - अनुसूची -९

भौ नं	योजनाको नाम तथा विवरण	कार्यालयले भुक्तानी गरेको दर (मुअकर समेत)	पेश भएको विजक अनुसारको दर (मुअकर समेत)	प्रयोगमा आएको परिमाण	वढी भुक्तानी भएको रकम	वढी मु अ कर भुक्तानी रकम
६५	हाडी खोला सिँचाई मर्मत उ.स.	१०४४.१२	१०१७.००	१०० बोरा	२७१२	३१२
७५	डाँडा गाँउ आमा समुह भवन निर्माण उ.स.	१०४४.१२	९००.००	६० बोरा	८६४७.२०	९९४
१२४	जलजले डाडा गाँउ भिङ्गुमा सिँचाई योजना उ.स.	१०४४.१२	९००.००	११५ बोरा	१६५७१	१९०६
जम्मा					२७९३०।२०	३२१२।००

बेरूजु दफा ६६ सँग सम्बन्धित विवरण - अनुसूची -१०

गो भा न	उपभोक्ता समितिको नाम	कामको विवरण	मुल्यॉकन	भुक्तानी	मेशिन प्रयोगको मु.अ.कर बिल
१७	सिँगे डाडा बर्खे सडक मर्मत उ.स.	निर्माण कार्य	६६१७३६।७०	५८४९९८।००	७४७७६२।४७
४०	सितले देखि राई गाँउ सडक ट्याक ओपन उ.स.	निर्माण कार्य	४८७५५८।६०	४३८३१०।००	३७४५०१।४३
१००	नया बस्ती तल्लो लोक्ताम तिन खोप्ने सडक मर्मत उ.स.	निर्माण कार्य	४८७१०९।३७	४३८३७०।००	४८५१०९।३७
१०६	वर्देउ विर्सुवा सडक निर्माण	निर्माण कार्य	१०८९३१९।३६	९७५०००।००	१०२९२६०।०६
१४९	पिदिङ आ बि वरडाडा ग्राउण्ड सम्याउने योजना उ.स.	निर्माण कार्य	४३३६८६।००	३९००००।००	४१९३४०।३२
१५१	नया बस्ती तल्लो लोक्ताम तिन खोप्ने सडक मर्मत उ.स.	निर्माण कार्य	७८४६४९।९५	७०६८७५।००	६७३२१८।७०
१६	फाकादम खर्सु ट्याक ओपन उ.स.	निर्माण कार्य	१०८४६१५।५१	९७३८४३।००	९१६७८३।११

३०	योजना लप्से वखुवा देउराली सडक उ.स.	निर्माण कार्य	५४९३८०।१२	४८७५००।००	३२०८००।९९

बेरूजु दफा ६७ सँग सम्बन्धित विवरण - अनुसूची -११

गो. भौ. नं.	फर्म/ आपूर्तिकर्ताको संलग्न विल	प्यान नं.	जारी गरेको बिजक नं.	भुक्तानी/ बिजक रकम रु.	मुअकर कर रकम	नन्फाइलर रहेको मिति
६	तुलसी जोशी स्लेट राजविराज सप्तरी	६१७६२२०१५	०१	४०२०७०५।४३	४६२५५०।००	Income tax 2078.79
जम्मा					४६२५५०।००	

बेरूजु दफा ६८ सँग सम्बन्धित विवरण - अनुसूची -१२

सि.नं.	गो.भा.न.	विवरण	बिजक नं.	भुक्तानी कर्ताको नाम	भ्याट बाहेक रकम	मु.अ.कर	मुअकर को ३० प्रतिशत
१	१२	माटो काट्ने	०६	रानी ढुँगा निर्माण सेवा साँदबारी ३	३२१८२७।८७	४१८३७।६२	१२५५१।२८
२	४०	सडक मर्मत	१२	रानी ढुँगा निर्माण सेवा साँदबारी ३	३३१४१७।२०	४३०८४।२३	१२९२५।२६
३	१००	निर्माण कार्य	०३	पुजा कन्स्ट्रक्सन चिचिला १	४२९३००।३३	५५८०९।०४	१६७४२।७१
४	१०६	निर्माण कार्य	०१०	जनक निर्माण सेवा चिचिला ३	९१०८४९।६१	११८४१०।४५	३५५२३।१३
५	१४९	निर्माण कार्य	०२०	प्रमेश निर्माण सेवा चिचिला १	३७१०९७।६३	४८२४२।६९	१४४७२।८०
६	१५१	निर्माण कार्य	०४	पुजा कन्स्ट्रक्सन चिचिला १	५९५७६८।६६	७७४४९।९४	२३२३४।९८
जम्मा							११५४५०।१६

बेरूजु दफा ७६ सँग सम्बन्धित विवरण - अनुसूची -१३

वडा नं.	लाभग्राहीको नाम	लगत कट्टा मिति	वितरण हुनुपर्ने रकम	वितरण भएको रकम	बढी रकम	कैफियत
१	Dal Bahadur Gurung	2079-4-20	२६६७	१२०००	९३३३	पहिलो त्रैमासिकको २० दिनको मात्र वितरण हुनुपर्नेमा पुरै त्रैमासिकको वितरण भएको
२	Pema Rinjin Sherpa	2079-11-3	४३८९	११९७०	७५८१	तेस्रो त्रैमासिकको १ महिना ३ दिनको मात्र वितरण हुनुपर्नेमा पुरै त्रैमासिकको वितरण भएको
३	Chitra Kumari Rai	2079-5-14	६०००	२४०००	१८०००	पहिलो त्रैमासिकको १ महिना १४ दिनको मात्र वितरण हुनुपर्नेमा दोस्रो त्रैमासिकको समेत पुरै वितरण भएको
४	Dhan Bahadur Gurung	2079-9-12	९६००	१२०००	२४००	दोस्रो त्रैमासिकको पुरै वितरण भएको १८ दिनको बढी
जम्मा					३७३१४।००	

बेरूजु दफा ७७ सँग सम्बन्धित विवरण - अनुसूची -१४

तेस्रो त्रैमासिक					
क्रस	वडा नं.	लाभग्राही नाम	ना.नं.	व्यक्तिगत परिचय नं.	रकम भुक्तानी
1.	1	Tara Devi Paudel	121	2010052004741	12000
2.	3	Bir Bahadur Rai	121	2010123433267	12000
3.	1	Padam Bahadur Gurung	151	2010051014642	12000
4.	5	matimaya (neptimaya) gurung	151	1990061002494	12000
5.	4	Bhadra Maya Gurung	802	2005010511993	12000
6.	5	Rabindra Bahadur Gurung	802	1995080502909	12000